JOIN
IELTS
MORNING | DAY | EVENING
CLASSES
APPLY TO STUDY IN
AUSTRALIA & NEW ZEALAND
BEACON
Premier International Education
Study Abroad, Immigration & Test Preparation Center
Siddhartha Chowk Pokhara
PH: 061-528812, 523093
Mobile: 9856031631, 9846124153
E-mail: info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५२०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ४८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ फागुन १८ गते मंगलबार ❑ 2 March. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## म माथि आक्रमण हुन पनि सक्छ प्रधानमन्त्री ओली

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ फागुन**

प्रधानमन्त्री केपी शर्मा ओलीले आफु माथि आक्रमण हुन सक्ने आशंका व्यत्त गरेका छन् ।

सोमबार पोखरामा नेकपा (ओली समुह) को गण्डकी प्रदेश स्तरिय कार्यकर्ता भेलामा सम्वोधन गर्दै प्रधानमन्त्री ओलीले हाल आफु माथि र पार्टी स्वदेश तथा विदेशबाट समेत आक्रमण भएकोले आफ्नौ भौतिक शरीरमा समेत आक्रमण हुन सक्ने आशंका व्यक्त गरेका हुन् ।

चौतर्फी आक्रमण भएको बताएका प्रधानमन्त्री ओलीले आफु माथि कुनै शारीरिक आक्रमणमा परी तल माथि भएको अबस्थामा कुनै अनौठो नमान्न समेत आग्रह गरे । उनले भने "हामीले समृद्ध नेपाल सुखि नेपालीको नारा ल्याएको हो, यसलाई पुरा गर्ने अभियानमा लाग्दा केही बाधा हड्चना आउनु स्वाभाविक हो, त्यसलाई हामीले डटेर सामाना गर्छौं, हामी सहि दिशामा छौं ।" नेकपा (दाहाल -नेपाल) समुहलाई चुनौती दिदै अध्यक्ष, महासचिवले वोलाएको बैठकमा नआएको जिकिर गर्दै विधिवत रुपमा दलको नेता फेरेमा बैठक वोलाइदिने बताए । नेकपा (दाहाल-नेपाल) समुहले आफुहरुसंग बहुमत भएको दाबी गरी राख्दा उनीहरुमा कुनै बहुमत नभएको प्रधानमन्त्री ओलीले जिकिर गरे । विधि र




पद्धति अनुसार आफूलाई हटाए आफू प्रतिपक्षमा बस्न तयार रहेको बताएका ओलीले प्रधानमन्त्री पद कसैलाई गलहत्याएर नपाइने भन्दै विधि र प्रक्रियाबाट आउन आग्रह गरे । उनले भने "उहाँहरुसंग कुनै बहुमत छैन, त्यो बहुमतको कहाँ पुष्टि भएको छ, म अध्यक्ष हुदा पार्टी एकताको लागि मैले कापिमा टिपोट गरेर बनाएको समिति हो, त्यो कुनै महाधिवेसनबाट निर्वाचित भएर आएको कमिटि होइन ।"

आफुले बनाएको कमिटिलाई हालसम्म नचलाएको बताएका प्रधानमन्त्री ओलीले आफुले नियुत्त गरेको मुख्य सचेतक देव गुरुङलाई हटायर अर्कोलाई नियुत्ति गरेकोले अन्य कमिटिको सदस्यमा पनि त्यसै गरी नियुत्त गर्न सक्ने जनाए । पार्टीको एकता र देश बनाउनको लागि पार्टी एकिकर भएसंगै पार्टी र देशलाई बर्वाद पार्न काममा दाहल नेपाल लागेको प्रधानमन्त्री ओलीको वोली थियो । बल जवरजस्ती काम गरेको दाबी गरेका प्रधानमन्त्री ओलीले हाल दैनिक जसो ५.७ किलोमिटर पिच सडक सडक निर्माण भएको जिकिर गरे । कुनै बर्षमा १० किलोमिटर पिच हुने गरेकोमा हाल आफ्नो पालमा धेरै विकास निर्माणले गति लिएको उनको दाबी थियो । संसद विघटन बदर भएर त्यसको परिणाम के दिन्छ भन्दै प्रश्न गरेका प्रधानमन्त्री ओलीले अबको ढेड बर्ष प्रतिपक्षामा बसेर पनि पुनः दुई तिहाई बहुमत ल्याउने दाबी गरे । प्रचण्ड-माधव समूहका केन्द्रीय सदस्यलाई आवश्यक परे

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकी प्रशिक्षण प्रतिष्ठान भवनको प्रधानमन्त्रीद्धारा शिलन्यास

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ फागुन**

पोखरामा गण्डकी प्रशिक्षण प्रतिष्ठानको भवनको सोमबार प्रधानमन्त्री केपी शर्मा ओलीले शिलन्यास गरेका छन् ।

सरकारले कोराना बिरुद्दको खोप ल्याउने, पिसिआर निशुल्क परिक्षण गर्ने सहित कोरोनाका बिरामीको निशुल्क उपचारको व्यबस्था गरेको उनले बताए । आफ्नो नेतृत्वको सरकारले थुप्रै कामहरु गरेको ओलीको वोली थियो ।

स्वच्छ प्रतिष्प्रर्धा गरी एकता भयर हिड्न आग्रह गर्दै प्रधानमन्त्री ओलीले राष्ट्रिय हितमा एक हुन आवहान गरे । पोखरा र गण्डकी प्रदेश अन्य क्षेत्र भन्दा सौन्दर्य देखि हरेक हिसावले अघि भएको दाबी गरेका ओलीले पोखरा आउदा जो कसैलाई आनन्द आउने हुदा यहाँको



सौन्दर्यतामा ख्याल गर्नुपर्नेमा जोड दिए ।

उत्त प्रशिक्षण प्रतिष्ठानको आफ्नै भवन भनेसंगै यहाँ धेरै क्षेत्रको दक्ष जनशत्ति उत्पादनको थलो हुने भएको गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङले बताए । कार्यक्रममा गण्डकी प्रदेश प्रमुख अमिक शेरचन, सभामुख नेत्रनाथ अधिकारी, मन्त्रीहरु सहितको सहभागिता रहेको थियो । गण्डकी प्रदेशको राजधानि पोखरामा गण्डकी प्रशिक्षण प्रतिष्ठानको भवन निर्माण हुने भएको छ । गण्डकी प्रदेश सरकार र प्रतिष्ठानको लगानीमा आगामी साँढे दुई बर्षमा पक्की चार तले भवन निर्माण हुने भएको प्रतिष्ठानका सिनियर डिभिजन इन्जिनीयर डा. महेन्द्र वानियाले बताए ।

३३ करोड २१ लाखको लागतमा भूइतला सहित ४ तले भवनमा सभाहल सहित ४६ वटा कोठाहरु हुने भएको उनले जनाए । नगर प्रशिक्षण केन्द्रको उत्त जग्गा प्राप्ती भएसंगै प्रतिष्ठानले ४९ रोपनी क्षेत्रफलमा उक्त भवन सहितको अन्य भौतिक संरचना गर्ने भएको हो । भूइतलामा पार्किङ, पहिलो तलामा २ सय ५० जना क्षमताको सभाहल, क्यान्टिन दोश्रो तलामा कक्षा कोठा रहने भएको छ भने तेश्रो तलामा कार्यालय रहने भएको डा.वानियले जनाए । प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री रामशरण बस्नेतले रकम सुनिश्चित भएसंगै डिपिआर समेत गरेर उत्त भवन निर्माणको काम अघि बढेको दाबी गरे ।

## संगम टोल विकास संस्थाकाको गेट उद्घाटन

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ फागुन**

बाटोमा कुनै पनि खाल्डा खुल्डी अव देख्न पाइने छैन् । विकाशको पूर्वधार भनेको बाटो भएकोले वडा १३ मा खाल्डा भयोकी पुर्ने अभियानमा हामी लागि सकिएको वडा अध्यक्ष दर्शन लामाले बताए ।

संगम टोल विकास संस्थाको गेट उद्घाटन कार्यक्रममा सोमवार अध्यक्ष लामाले सो वचन वद्धता



दिएका हुन् । सोही गेटको उद्घाटन गर्दै सासंद तथा पूर्व स्वस्थ्य मन्त्री खगराज अधिकारीले वाटो र वाटोमा जोडिएका पुल नै पहिलो प्राथमिकता भएको चर्चा गरे । वडा १३ नमुना वडा भएको भन्दै अधिकारीले कोत्रेदेखि पोखरासम्म आइपुग्दा वडा १३ र १४ भित्र पर्ने बाटो निकट भविष्यमा नै ६ लेनको बन्ने भने । वडा नं १३ का

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पेट्रोलियम पदार्थको मूल्य बृद्धि

**रासस**
**काठमाडौं, १७ फागुन**

नेपाल आयल निगमले सोमबार मध्यरातदेखि लागू हुने गरी पेट्रोलिय पदार्थको मूल्य वृद्धि गरेको छ । निगमका प्रवक्ता विनितमणि उपाध्यायका अनुसार पेट्रोल, डिजल र मट्टितेलमा प्रतिलिटर रु दुईका दरले मूल्यवृद्धि गरिएको छ ।

नयाँ मूल्यअनुसार पेट्रोल अब प्रतिलिटर रु ११६ कायम भएको छ । यस्तै, डिजल र मट्टितेल प्रतिलिटर रु ९९ कायम भएको छ । यस्तै हवाई इन्धन आन्तरिक उडानतर्फ साविकको प्रति लिटर बिक्री मूल्यमा रु पाँचले वृद्धि गरी रु ७२ कायम गरिएको निगमले जनाएको छ । यस्तै हवाई इन्धन अन्तर र्ष्ट्रियतर्फ प्रतिकिलोलिटर २५ अमेरिकी डलरले वृद्धि गरी ८९३ प्रतिकिलोलिटर कायम गरिएको छ । खाना पकाउने एलपी ग्यासको खुद्रा मूल्य भने यथावत नै कायम राखिएको निगमले जनाएको छ । मूल्य समायोजनपछि पनि निगमलाई पेट्रोलमा प्रतिलिटर आठ रुपैयाँ ४२ पैसा, डिजलमा प्रतिलिटर ६ रुपैयाँ ५६ पैसा तथा एलपी गयासमा प्रतिसिलण्डर ३९२ रुपैयाँ ८२ पैसा घाटा रहेको छ । अर्धमासिक रुपमा करिब रु एक अर्ब ३२ करोड घाटा नै रहने र सो घाटा रकम मूल्य स्थिरिकरण कोष तथा निगमको सञ्चित नाफाबाट व्यवस्थापन गरिनेछ ।



# पोखरा रंगशालाको भौतिक निर्माण बजेट अभावले नरोकिने प्रधानमन्त्रीको दाबी

पोखरापत्र संवाददाता
पोखरा, १७ फागुन

प्रधानमन्त्री केपी शर्मा ओलीले पोखरा रंगशालाको बाँकी रहेको र आवश्यक पर्ने भौतिक निर्माणको कार्य बजेट अभावले नरोकिने दाबी गरेका छन् ।

सोमबार पोखरा रंगशालाको अवलोकन गर्दै प्रधानमन्त्री ओलीले पोखरा रंगशालाको बाँकी रहेको तथा आवश्यक गर्ने भौतिक निर्माणमा बजेट अभावले कुनै पनि काम नरोकिने दाबी गरेका हुन् । पोखरा रंगशालाको भौतिक पूर्वाधार निर्माणमा आवश्यक बजेटको व्यबस्था सरकारले गर्ने बताएका उनले खेलकुद परिषद र गण्डकी प्रदेश सरकारले यसमा समन्यन गर्न आग्रह गरे । उनले भने "पोखरा रंगशालामा १३ औं सागका केही खेल भएकोले पोखरा रंगशाला अब पोखरा, गण्डकी प्रदेश, नेपालको मात्र नभई यो रंगशाला दक्षिण एसियाकै भएकोले त्यसको लागि सरकारले आवश्यक बजेटको



व्यबस्था गर्छ ।"

पोखरा रंगशालामा विभिन्न खेल संघ सहित खेलाडी एवं खेलकुदकर्मीले स्वागत गरेकोमा हौसिदै प्रधानमन्त्री ओलीले अग्रेंजीमा समेत भाषण गर्दै हिम्मत र अनुसासित भएर लाग्न खेलाडीलाई आग्रह गर्दै खेलाडीहरुको भविश्यको लागि राज्यले प्रभारम्भ गरेको जनाए । राखेपका सदस्य सचिव रमेश कुमार शिलवालले पोखरा रंगशालकाको बारेमा जानकारी गराएका थिए । पोखरा रंगशालमा करिब थप १ अर्ब बजेट आवश्यक भएको राखेप सदस्य राजेश कुमार गुरुङले बताए । हिटिङ सहितको सुइमिङपुल निर्माणको लागि ३३ करोड, सुटिङ ट्रेनिङ सेन्टर, फल्टलाइट, पोखरा फुटवल स्टेडिएमको बाँकी काम पूरा गर्न लगायतका भौतिक संरचना गर्न १ अर्ब बजेट आवश्यक भएको उनले जनाए । हिमाली सांस्कृतिक परिवारका कलाकारले कार्यक्रममा नृत्य प्रस्तुत गरेका थिए । रंगशालामा पन्चेबाजा सहित प्रधानमन्त्री ओलीलाई स्वागत गरिएको राखेप सदस्य गुरुङले जनाए ।

# 'नेपालको तल्लो बर्ग र मध्यम बर्गले लोकतन्त्रको आभाष गर्न पाएका छैनन्'

पोखरापत्र संवाददाता
पोखरा, १७ फागुन

नेपालमा अझै पनि तल्लो बर्ग र मध्यम बर्गले लोकतन्त्रको आभाष गर्न नपाएको एक कार्यक्रमका वक्ताहरुले बताएका छन् । रेडियो अन्नपूर्णको समसामाहिक बहसपूर्ण कार्यक्रम 'द राउण्ट टेबल' मा बोल्ने वक्ताहरुले उक्त कुरा बताएका हुन्।

तल्लो बर्ग र मध्यम बर्गका मुद्धा उठाएर सत्ता र शक्तिमा पुगेका नेताहरुले उनीहरुको हित हुने कार्यक्रम ल्याउन नसक्दा देशमा लोकतन्त्र आएपनि त्यसको आभाष हुन नसकेको वक्ताहरुले बताएका छन् । सोमबार रेडियोले आयोजना गरेको कार्यक्रममा बोल्दै नेपाल उद्योग बाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले नेपालमा २०४६ सालदेखि नै जनताको अपेक्षाअनुरुपको विकास हुन नसकेको बताएका छन् । उनका अनुसार सत्तामा सासन गर्ने व्यक्तिहरुको क्रियाकलापले नागरिकले लोकतन्त्रको अधिकार प्रयोग गर्न सकिरहेका छैनन् ।

नेपालको राजनीति पैसा र शक्तिको भरमा चलेकाले संस्कार र संस्कृति समेत भुल्दै जादा देशमा अराजक नेतृत्वहरुको हाबी हुँदै गएको भनाई उनको छ । चेतनाको विज केही सिमित तथा धनाड्य बर्गले मात्र लिने गरेको पूर्व अध्यक्ष मुल्मीको आरोप छ । पछिल्लो समय धनाड्यहरुलाई राजनीतिमा प्रवेश गराउँदा वर्षौ योगदान पुर्याएकाहरु पछाडी पर्नुपर्ने अवस्था नेपालमा सिर्जित भएको उनले बताए । उनको बुझाईमा राजनीतिमा विचारको भन्दा पनि व्यक्तिवादी लादिएको छ । मुल्मीले भनेका छन्, "पैसा तिरेर राजनीतिमा पद पाइन्छ भन्ने हाम्रो प्रवृति सुरु हुन थालेको छ,



यसमा पुनः विचार गर्नु पर्छ । " तीन तहका सरकारको समिक्षा ५ बर्षमा गरेर त्यसपछि सहि ढंगले अघि बढ्नुपर्ने मुल्मीको भनाई छ । राजनीतिक विश्लेषक विश्व सिग्देलले चेतना कमजोर हुँदा नेताका भाषाणमा अशिष्टता झल्किएको बताएका छन् । नेपालका राजनीतिक दलहरु व्यक्तिवाद स्वार्थमा लिप्त हुँदा जनताका मुद्धा थन्किएर बसेको उनको भनाई छ । सिग्दलले नेपालमा भारतको राजनीति र शिक्षाको मोडल प्रयोग भएको हुँदा यहाँको माटो र जमिन सुहाउँदो चेतनाको अभाव भएको बताए ।

संविधान नै नभएका देशहरुले राम्रो विकास गरेको उदाहरण दिँदै अहिले देशमा संविधानको कार्यान्वयनमै फितलोपन आएको भनाई उनले राखे । उनले जिम्मेवार, जागरुक र चेतनशिल नागरिक नहुँदाको उपज प्रधानमन्त्री केपी शर्मा ओली, नेकपाका अध्यक्ष पुष्पकलम दाहाल 'प्रचण्ड', कांग्रेस सभापति शेरबहादुर देउवा जस्ता नेता जन्माउनु परेको बताए ।

उनले भने, "हामी असंवैधानिक कदम पनि भनेका छौं फेरि विभिन्न ठाँउमा भएका आन्दोलनमा पक्षदर बनेर उभिएका छौं । यसले हाम्रो चेतनाको स्तर कहाँ छ भन्ने स्पष्ट बुझाउँछ । गाली पनि गर्ने अनि भोज खान पनि नछोड्ने प्रवृति देशमा छ । जुन पार्टीको कार्यक्रम भए पनि त्यसको कुनै सोच बिचार र विश्लेषण विना हिड्ने हामी जनता पनि राजनीतिक अस्थिरताका दोषी हौं ।" कांग्रेसले बहुबाद छाडेर जनयुद्ध, समाजबाद उन्मुख समाज तर्फको बाटोमा हिड्नुले कांग्रेसले आफ्नो पार्टीको मान्यता छाडेको विश्लेषक सिग्देलको भनाई छ । उनले नेपालका अधिकांश राजनीतिक दलहरु मुल्य विहिन अबस्थामा पुगेको टिप्पणी गरे ।

वरिष्ठ अधिवक्ता तिलक पराजुलीले संविधान माथि लात हान्ने प्रधानमन्त्री ओलीले प्रधानमन्त्रीको पदबाट तत्काल राजीनामा दिनु पर्ने भनाई राखे । उनले भने, "संविधान माथि 'कु' गर्ने प्रधानमन्त्री कुर्सीमा बस्ने अब कुनै नैतिक आधार छैन, प्रतिपक्ष दल कांग्रेसले संस्थागत निर्णय गरी प्रधानमन्त्रीको राजीनामा तत्काल माग्नुपर्छ ।" पछिल्लो समय कांग्रेस प्रतिपक्षको भूमिकाबाट विचलित भएको तर्क उनको छ । नेकपाको सरकारलाई ट्र्याकमा ल्याउने जिम्मेबारी कांग्रेसमा हुँदा पनि केही गर्न नसकेको अरोप उनले लगाएका छन् । राजनीतिमा कम्युनिष्टहरुले कर्नरमै पुर्याएर गाली गलौज गर्ने पद्दती नै बन्दै आएको उनको भनाई छ । अर्कोलाई गाली नगरी आफु स्थापित भइन्न भन्ने गलत मानसिकताले गर्दा हिजोआज गालीमा असिस्ट शब्दहरु प्रयोग भइराखेको पराजुली पाउँछन् । उनका अनुसार पछिल्लो समय नागरिकले एजेण्डाका विषयलाई उठान गरेको विषय सबल पक्ष हो । भऱ्याङ चढेर माथि पुग्ने अनि त्यही भऱ्याङलाई टुक्राटुक्रा गरेर फाल्ने प्रवृतिले कम्युनिष्टमा अराजकता छाएको उनको भनाई छ । अग्रज पत्रकार एवं गजुरी व्यारेक ब्रेकर राजु क्षेत्रीले जनयुद्धकालमा समाज परिवर्तनका लागि लडेका कैयौं मानिसहरु अझै पनि पीडामा परेको र उनीहरुको जीवन स्तरमा खासै सुधार हुन नसकेको गुनासो गरे । उनले भने, " जनताको अपेक्षा कहिले पुरा भएन, नेतृत्वमा गएका नायकहरु खलनायकमा परिणत भए । जनताको आसा र भरोसा अझै पुरा हुन सकेको छैन् ।"

२०७२ सालको संविधान जारी हुँदा ठाँउठाँउमा दिप प्रज्वलन गरिएपनि केही सिमित व्यक्तिको आर्थिक उन्नतिमा त्यसले संवोधन पाएको उनको तर्क छ । अधिकांश जनताले अपेक्षा गरेअनुरुपको संविधान नआएको उनले बताए । आफुसंगै चिसो व्यारेकमा १३ महिना बसेका केही साथीहरुको अझै सम्म पनि उचित ढंगले राज्यले रेखदेख पुराउन नसक्नु दुख लाग्दो परिस्थिति भएको उनले उल्लेख गरेका छन् ।

रेडियो अन्नपूर्णकर्मी बासु मिश्रले संचालन गरेको कार्यक्रममा रेडियोका अध्यक्ष विश्व शंकर पालिखे, स्टेशन म्यानेजर संजय मल्ल, रेडियो अन्नपूर्णकर्मी आरजु विष्ट शल्यानी, सन्तोष बस्याल, नारायण कुँइकेल, सविन जिसी सहितको टिमको सहभागिता थियो ।

# सुपर जनरल इन्टर क्लव टी-ट्वान्टी क्रिकेट लिगमा चितवनको विजयी शुरुवात

पोखरापत्र संवाददाता
पोखरा, १७ फागुन

के.एन. स्पोर्टस प्रालिको आयोजना तथा सुपर जनरल कम्पनीको मुख्य प्रायोजनमा सोमबारदेखि पोखरामा सुपर जेनरल इन्टर क्लव टी-ट्वान्टी क्रिकेट लिग-२०२१ शुरु भएको छ ।

प्रतियोगिताको उद्घाटन खेलमा चितवन क्रिकेट क्लव विजयी भयो । चितवनले स्याँग्जा क्रिकेट क्लवमाथि ६६ रनको फराकिलो जित निकालेको हो । पहिला व्याटिङ गरेको चितवनले १५४ रनको योगफल तयार पारेको थियो । चितवनको तर्फबाट राजेश ढकालले ८ चौका प्रहार गर्दै ४४ रनको महत्वपूर्ण पारी खेले भने रोविन शर्माले ३१ रन जोड्दै उनलाई राम्रो साथ दिए ।

स्याँग्जाका बलरहरु विष्णु पाण्डेले ४ तथा अशोक श्रेष्ठ, सुरज गुरुङ्ग र दिपेश क्षतिले समान एक-एक विकेट लिए । जितका लागि १ सय ५५ रनको लक्ष्य पछ्याएको स्याँग्जा १५.२ ओभरमा ८८ रनमै अलआउट भयो । स्याँग्जाको



तर्फबाट विक्रम थापा र सौजन्य रेग्मी दुवैजनाले २४/२४ रनको योगफल तयार पारको थिए । चितवनको बलिङ्गतर्फ दिपेश श्रेष्ठ र कृतन गुरुङ्गले ३/३ विकेट लिए भने संघर्ष पौडेल र अनुज चन्द्रले पनि २/२ विकेट लिए । प्रतियोगिताको पहिलो खेलमा चितवनका राजेश ढकाल विन्धेश्वरी भाँडा उद्योग म्यान अफ द म्याच हुन सफल भए ।

यसअघि नेपाल क्रिकेट संघका केन्द्रिय सदस्य ऋषि गौतमले बलिङ तथा प्रतियोगिताको मुख्य प्रायोजक सुपर जनरल कम्पनीका गण्डकी प्रदेश प्रमुख फैजल अलिले ब्याटिङ गर्दै प्रतियोगिताको उद्घाटन गरेका थिए । त्यस्तै कास्की जिल्ला क्रिकेट संघका अध्यक्ष सञ्जयान्त सिग्देलले अफिसियल दिलिप अग्रहरीलाई म्याच बल प्रदान गरेका थिए ।

आयोजक के.एन. स्पोर्टसका सञ्चालक समेत रहेका प्रतियोगिता संयोजक कमल थापाको अध्यक्षतामा भएको उद्घाटन समारोहमा क्रिकेट खेलाडी प्रविण ढकालले कार्यक्रम सञ्चालन गरेका थिए ।

## संगम ...

गहनाको रुपमा रहेको कमलपोखरीताललाई संरक्षण गर्नुपर्नेमा आँफु लागि परेको सासंद अधिकारीले वताए । निर्वाचित भएदेखि आज सम्म जनताविच नङ र मासुको सम्बन्ध भइरहेको अध्यक्ष लामाले वताए । वडा १३ का जनतालाइ निकट भविष्यमा खानेपानीको सहज हुने अध्यक्ष लामाले जानकारी गराए ।

विभिन्न संघसंस्था, स्थानीयवासी र समाजसेवीहरुको सहयोगमा गेट निर्माण गरिएको हो । ७७ हजार लागतमा गेट निर्माण भएको संस्थाका अध्यक्ष धर्मराज पौडेलले वताए । अध्यक्ष पौडेलले मुक्तक वाचन गरेर उपस्थित सवैलाइ मन्त्रमुग्ध पारेका थिए । अध्यधक्ष पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा संस्थका उपाध्यक्ष तथा कार्यक्रम संयोजक सु. दमवहादुर गुरुङले संचालन गरेको कार्यक्रममा आमा समुहकी सचिव तुलसी थापाले स्वागत गरेका थिइन ।

## म माथि ...

आफूले हटाइदिन पनि सक्ने जिकिर गरेका ओलीले कार्की ब्याङ्केटमा भोज खान बोलाएर भोज खान आएकाहरुलाई गणना गर्नुको कुनै अर्थ नभएको जनाए ।

संसद विघटनपछि देशले निर्वाचनको बाटो लिए पनि सर्वोच्चको फैसलाले फेरि देश अप्ठरोमा परेको उनको दाबी छ । माधव कुमार नेपाललाई आफुले २०२९ सालमा बिद्यार्थी जिवनबाटै पार्टीमा ल्याएको दाबी गरेका ओलीले १५ बर्ष पार्टी अध्यक्ष भयर पनि हाल माधव नेपालले प्रधानमन्त्री र अध्यक्षको पदको लागि लागेको आरोप लगाए । विप्लप माओबादीलाई शान्ति वार्तामा आउन उनले आव्हान गरेकाछन् ।

# पोखरा स्पोर्टस् अवार्डको पुरस्कार राशिमा वृद्धि

पोखरापत्र संवाददाता
पोखरा, १७ फागुन

पोखरा स्पोर्टस् अवार्डको पुरस्कार राशिमा वृद्धि भएको छ ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आयोजना गर्न लागेको पाँचौं पोखरा स्पोर्टस् अवार्ड-२०७६/७७ मा विभिन्न विधामा वितरण गरिने पुरस्कारको राशिमा वृद्धि गरिएको हो ।

मञ्चले २०७८ वैशाख २० मा पोखरा सभागृहमा गण्डकी प्रदेशस्तरको प्रतिनिधित्व हुने गरी विभिन्न ७ विधामा अवार्ड प्रदान गर्नेछ । तीमध्ये लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, उदियमान खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट खेल संघ, उत्कृष्ट खेल पत्रकारिता अवार्डमा नगदसहित अवार्ड वितरण गर्नेछ ।

तीमध्ये उत्कृष्ट खेल पत्रकारिता अवार्ड यसपालि २ पत्रकारले पाउनेछन् । मञ्च अध्यक्ष एकराज गिरीको अध्यक्षतामा हालै सम्पन्न बैठकले उदियमान खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट खेल संघ र पत्रकारिता अवार्डतर्फ पुरस्कार राशि ३५/३५ हजार रुपैयाँ पुऱ्याएको हो ।

यसअघि उदियमान खेलाडी र उत्कृष्ट प्रशिक्षकलाई २५/२५ हजार, उत्कृष्ट खेल संघलाई १५ हजार र पत्रकारलाई २० हजार नगद दिइँदैआएको थियो । लाइफटाइम अचिभमेन्ट अवार्डमा नगद राशि छैन भने वर्ष खेलाडी पुरुषलाई मोटरसाइकल र वर्ष खेलाडी महिलालाई स्कूटर दिइनेछ । अवार्डको मुख्य प्रायोजक बतास ब्रदर्श हो ।

आयोजकले अवार्डको आवश्यक तयारी तीव्र पारेको छ । अवार्डको लागि गठित विभिन्न उपसमिति संयोजक एवं सदस्य एवं सल्लाहकारसँग छलफल गरी सुझाव लिएको महासचिव विजय नेपालले जनाए ।




कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५३२५०८, ०६१-५२०६५१, ०६१-५३७८५७, E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

सुक्तिसुधा

अध्ययन आकाशमा चम्केको सूर्यजस्तै उज्यालो हुन्छ।
शेक्सपियर

## सम्पादकीय

# पत्रकारिताप्रति ईमानदार नेतृत्व खोजौं

नेपालका नागरिक संस्था मध्ये सबैभन्दा जेठो नेपाल पत्रकार संघ हो। करिब सात दशक पुग्न लागेको हालको नेपाल पत्रकार महासंघ स्थापनाकालमा उठाइएका नागरिक अधिकार, प्रेस स्वतन्त्रता, पत्रकारको हक हित र पत्रकारिताको विकास अहिले पनि सान्दर्भिक छन। पत्रकारका समस्या उठाउने भनेको चुनावका बेला मात्र हो भन्ने ठानिएको छ। पत्रकारका समस्या र पत्रकारिताको विकासका कुरा अझै परिस्कृत रुपमा उठाउनु पर्ने खाचो भएको छ। वि.स. २०१२ सालमा कृष्णप्रसाद भट्टराई सभापति भएको समयलाई पत्रकार संघ स्थापना मनाउने गरिएको छ। स्व. कृष्ण प्रसाद भट्टराईको सभापतित्वमा पुनर्गठन भएको दिनलाई नेपाल पत्रकार महासंघले स्थापना दिवस मनाउने गरेको छ। वि.स. २०१२ साल चैत्र १६ गते स्व. कृष्ण प्रसाद भट्टराई सभापति भएको दिनलाई स्थापना दिवस मनाउन थालिए पनि पत्रकार संघको स्थापना २००८ सालमा भएको दस्तावेज पनि सार्वजनिक भएका छन। काङ्ग्रेस सभापति र प्रधानमन्त्री भइसकेका कृष्णप्रसाद भट्टराईलाई संस्थापक मान्दा इतिहासकै अपमान हुन्छ भन्ने मत पनि छ। स्वतन्त्रता, नागरिक अधिकारको सुनिश्चितता र पत्रकारहरुको हितका कुरालाई पत्रकार संघले उठाएको थियो। अहिले पनि पत्रकार महासंघ नागरिक अधिकार पत्रारिताको विकास, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा श्रमजिवि पत्रकारको हकहितका समस्या नै प्रमुख चुनौती रहेकाछन्।

नेपालको हरेक नागरिक/प्रजातान्त्रिक आन्दोलनमा पत्रकारहरुको प्रतिनिधिमुलक संस्था नेपाल पत्रकार संघ हालको महासंघले सक्रिय भएर लागेको इतिहास छ। राजनीतिक दलहरुलाई समेत आन्दोलनमा लाग्न घचघच्याउने काम प्रेसले गरेको हो। लोकतान्त्रिक आन्दोलनको नेतृत्व दलहरुले नै गरे। आन्दोलनमा पत्रकारहरुले खेलेको भुमिकाको राजनैतिक दल र नागरिक समाजले मुक्त कष्ठ प्रशंसा गर्ने गर्दछन्। प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधि सभा विघटनको विरोधमा प्रेसले सशक्त भुमिका खेलेको हो। राजनीतिक दल विपक्षमा हुँदा पत्रकार र पत्रकारिताको समस्यामा बोल्ने सत्तामा पुगेपछि बेवास्ता गर्ने गरेका छन। गरेका कामको पनि जस लिन नसक्ने परिस्थिति बनाएका छन। नेपाली उखान खोलो तऱ्यो लौरो र्बिस्यो भने झैँ पत्रकारका समस्या बिर्सने गरेका छन्। मैनबत्ती आफै जलेर अरुलाई उज्यालो दिएझै पत्रकारहरु भोको पेटले नागरीकको आवाज दिने गरेका छन्। मर्यादित र व्यावसायिक पत्रकारिताको लागि राज्य र निजी संचारगृहले पत्रकारलाई सहयोग गर्न सकेको छैन। पत्रकारले भौतिक र पेशागत सुरक्षाका लागि सडकमा आवाज उठाउँदै आएका छन्। कोभिड-१९ पछि पत्रकारलाई निस्कासन, तलब नदिने, कटौती गर्ने काम भए। दुखको बेला राहत दिनुपर्नेमा आहात पार्ने काम भयो। जनतालाई सचेत र जागरुक बनाउनुपर्ने बेला जागिरबाट हटाउने, तलब घटाउने, नदिने काम हुँदा सरकार पनि पत्रकारको पक्षमा बोल्न सकेको थिएन। राजनीतिक दल पनि थाहै नपाएको जस्तो गरे। पत्रकार महासंघ चुनाव गराउने बेला कोभिढ-१९ लाई देखाएर म्याद थप्ने अवसर पायो। अहिले चुनाव हुने भएकाले पत्रकारका मुद्दा उठाउँदैछन। पत्रकार महासंघको हरेक बैठक, भेला, जमघट र साधारणसभामा उठ्ने मुद्दा श्रमजीवी पत्रकार ऐन कार्यन्वयन, समानुपातिक विज्ञापन नीति ल्याउनु पर्ने र आम सञ्चार प्रतिठान गठन हुनुपर्ने छन्।

आधुनिक मुलुकको पत्रकारिता क्षेत्रमा हासिल गरेको उपलब्धिका बारेमा वहस गर्नुपर्ने बेलामा पुरानै कुरा दोहोऱ्याउनु परेको छ। राज्य र संचारगृह पत्रकारका हकहित प्रति उदासीन रहेको प्रमाण एउटै मुद्धा उठाइरहनु हो। नेपालले नयाँ संविधान पाइसकेको छ। संविधानले व्यवस्था गरेका स्थानीय, प्रदेश र संघीय सरकार बनिसकेको छ। सिंहदरबारमा केन्द्रीत रहेको अधिकार स्थानीय तहसम्म पुगेको छ संविधानमा। व्यवहारमा पत्रकार र संचार माध्यामप्रति सिंहदरबारले जस्तै व्यवहार गर्न थालेका छन्। आफुलाई सिंहदरबारको शासक जस्तो ठान्ने प्रवृत्ति बढेको छ। पत्रकारलाई राज्यले संबोधन गर्न नसकेको अवस्थामा महासंघ र शाखाहरुले पत्रकारीतामा योगदान पुऱ्याएकादेखि नयाँ पिढीलाई प्रोत्साहन गर्न पुरस्कार स्थापना गरेका छन्। अरु केही पाउन नसकेपनि बेलमौकामा पाउने सम्मानलाई नै उपलब्धी मान्नु परेको छ। देशलाई आर्थिक विकास र समृद्धिको बाटोमा हिडाउन प्रेसको महत्वपूर्ण भुमिका रहन्छ। नेपाललाई आधुनिक विश्वसँग एकाकार गराउन प्रेस स्वतन्त्रताको ग्यारेन्टी र पत्रकारको पेशागत र भौतिक सुरक्षा आवश्यक छ। पत्रकारको छाता संगठन नेपाल पत्रकार महासंघको झण्डामुनि मुलुकभर र संसारभर छरिएर रहेका नेपाली पत्रकारको अधिकार र स्वतन्त्रताको लागि पेशाप्रति ईमान्दार र सक्षम ब्यक्ति आवश्यक छ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : झमेला बड्ने |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : शारिरीक झमेला | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : मानसिक तनाब | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : आर्थिक समस्या | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

# विरेन स्मृति बिटी कप जारी : एकै खेलमा ११ गोल

विनय पौडेल
पोखरा, १७ फागुन



पोखरा महानगरपालिका १ बगर स्थित पुरानो टुडिखेलमा जारी ' चौथो विरेन स्मृति १४ औं बि.टी कप सेभेन ए साईड नकआउट अन्तर क्लब फुटबल प्रतियोगिताको दोस्रो दिन एकै खेलमा ११ गोल गर्दै आयोजक सेतो दोस्रो चरणमा प्रवेश गरेको छ।

पोखराको पुरानो टुडिखेल मैदानमा भएको खेलमा बिटी सेतोले छोरेपाटन एफसीलाई ११-० गोलको फराकिलो अन्तरले पराजित गरेको हो। आयोजकको जीतमा सुनिल बिकले डबल ह्याट्रिकको योगदान दिए। त्यस्तै लक्ष्मण रुचाल र विनोद गुरुङले समान २ गोल गरे भने सुदिप पाठकले १ गोल थपे। त्यस्तै अर्को खेलमा फोर टु फाईभ एफसीले आयोजक ओरेन्जलाई ४-१ गोल अन्तरले पराजिय गर्यो। फोर टु फाईभको जीतमा सकुल गुरुङले २ गोल गरे भने आशिष क्षेत्री र संगम ठकुरीले समान १ गोलको योगदान दिए। आयोजक ओरेन्जको तर्फबाट राजन केसीले सान्त्वना १ गोल फर्काए। नारायण गोपाल शितल देवी क्लबलाई २-० को गोल अन्तरले हराउदै एलजी एशोसियसन दोस्रो चरणमा प्रवेश गर्यो। एलजीको जीतमा प्रियसन गुरुङ र विजय गुरुङले समान १ गोलको योगदान दिए। अर्को खेलमा मेरो नेपाललाई रञ्जन मेमोरियलले २-० गोल अन्तरले पराजित गरेको प्रचारप्रसार संयोजक अमृत लामा गुरुङले जानकारी दिए। उनका अनुसार रञ्जनको जीतमा सुशान गुरुङ र रोशन छन्त्यालले समान १ गोल गरेका थिए। पाँचौ खेलमा एसवाईसीबीले विष्णु पादुकालाई २-१ गोल अन्तरले पाराजित गर्यो। एसवाईसीबीको जीतमा रविन्द्र मल्ल र खीम गुरुङले समान १ गोल गरे भने विष्णु पादुकाको तर्फबाट विशाल सुनारले सान्त्वना १ गोल फर्काए। छैटौ खेलमा लाहाचोक एफसीले काँडे एपेक्सलाई ५-० गोलको फराकिलो अन्तरले पराजित गर्दै दोस्रो चरणमा स्थान जमायो। लाहाचोकको जीतमा विवेक सन्तोषीले २ गोल र मनिस थापा, दीपेन्द्र नेपाली। अनिल थापा मगरले समान १ गोल दिलाए। सातौ खेलमा पाटन एफसीले भदौरे क्लबलाई ३-० गोल अन्तरले हरायो। पाटनको जीतमा कुशल राईले २ गोल र हानोक तामाङले १ गोलको योगदान दिए। त्यसैगरी नयांगल्ली र ह्याप्पी ब्रदर्श बिच भएको आठौ खेल गोलरहित बराबरीमा सकिएपछि ट्राईबेकरमा नयांगल्ली ३-१ गोल अन्तरले विजयी बन्यो। त्यस्तै अन्तिम खेलमा रत्नसमाज सेवा समिति कस्केरीमाथी कमल पोखरी एफसीले १-० को गोल अन्तरले सँघर्षपूर्ण जीत निकाल्यो। कमल पोखरीको जीतमा हेम आलेमगरले निर्णायक गोल गरे। सोमबार समेत ९ खेल सञ्चालन गरिने बताउदै प्रचारप्रसार संयोजक अमृत लामा गुरुङले पहिलो खेल भिमकाली क्लब र एम फाईभ बिच हुने जानकारी दिए।

# बेनीमा खानेपानी कार्यालय स्थापना

पोखरापत्र संवाददाता
म्याग्दी, १७ फागुन

बेनीमा तीन जिल्ला कार्यक्षेत्र भएको सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाको कार्यालय स्थापना भएको छ।

सङ्घीय सरकारको खानेपानी तथा सरसफाइ मन्त्रालयअन्तर्गत म्याग्दी, बागलुङ र मुस्ताङ जिल्ला कार्यक्षेत्र रहेको छ। कार्यालयमार्फत हिमाली जिल्लामा एक हजार र पहाडीमा पाँच हजारभन्दा बढी सङ्ख्यामा उपभोक्ता भएका खानेपानीका साथै ढल व्यवस्थापनसम्बन्धी आयोजना कार्यान्वयन हुने भएका छन्।

यस वर्ष २७ खानेपानी र ढल व्यवस्थापनसम्बन्धी आयोजना कार्यान्वयनका लागि बजेट विनियोजन भएको आयोजनाका प्रमुख रामउदगार यादवले जानकारी दिनुभयो। उहाँका अनुसार म्याग्दीको बृहत् घोप्टेखोला र पिप्ले भगवती बृहत् खानेपानी आयोजना निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार हुने क्रममा रहेको छ। तत्कालीन खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयमार्फत शुरु भएका आयोजनालाई पनि पूर्णता दिइने जनाइएको छ। उहाँका अनुसार पुराना आठ आयोजना निर्माण कार्यलाई पूर्णता दिन कार्यालयले पहल गरेको छ। सिनियर डिभिजनल इञ्जिनीयरको नेतृत्वमा तीन इञ्जिनीयर, तीन सब इञ्जिनीयर, एक कम्प्युटर अपरेटर, एक कार्यालय सहयोगी र एक हलुका सवारी चालकको दरबन्दी छ। सबै दरबन्दीअनुसारका प्राविधिक कर्मचारी भएको र उनीहरूलाई कार्यक्षेत्रमा परिचालन गरेर पहिले शुरु भएका आयोजनाको अवस्था अध्ययन गरिरहेको आयोजना प्रमुख यादवले बताउनुभयो। आर्थिक वर्ष २०७४/७५ मा तत्कालीन खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय खारेज भएपछि म्याग्दीका धेरै खानेपानी आयोजना अलपत्र परेका थिए। सङ्घीय र प्रदेश सरकार मातहतका कार्यालय कसले आयोजना सञ्चालन गर्ने भन्ने अन्यौलताका कारण पहिले शुरु भएका आयोजनामा बजेट नहुँदा अधुरा थिए। प्रदेशले एक हजारभन्दा कम जनसङ्ख्या उपभोक्ता भएका आयोजना हेर्ने र सङ्घीय कार्यालयले ठूला आयोजना सञ्चालन गर्ने गरी कार्यविभाजन भएको छ।

म्याग्दीमा सङ्घीय कार्यालय स्थापना भएपछि पुराना आयोजनाले पूर्णता पाउने र नयाँ आयोजना निर्माणले गति लिने सङ्घीय सांसद भूपेन्द्रबहादुर थापाले बताउनुभयो। यसअघि पोखरास्थित सङ्घीय खानेपानी कार्यालयले म्याग्दीका आयोजना हेर्ने गरेको थियो। केही आयोजना प्रदेश सरकारअन्तर्गतको सिँचाइ, जलस्रोत तथा खानेपानी डिभिजन कार्यालयमा हस्तान्तरण भए पनि न्युन बजेटका कारण पूर्णता पाउन सकेका थिएनन्।

# कारागार अध्ययन गर्न छानबिन समिति गठन

पोखरापत्र संवाददाता
दमौली, १७ फागुन

जिल्ला प्रशासन कार्यालय तनहुँले कारागार कार्यालयको अध्ययनका लागि छानबिन समिति गठन गरेको छ।

कारागारका कैदीबन्दीबीच आइतबार झडप भएपछि प्रशासन कार्यालयले कारागारको विविध पक्षको अध्ययन गर्न सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालको संयोजकत्वमा छानबिन समिति गठन गरेको हो। प्रशासन कार्यालयले सोमबार प्रेस विज्ञप्तिमार्फत तीन सदस्यीय छानबिन टोली गठन गरिएको जानकारी दिएको छ। विवादित र झगडामा संलग्न कैदीबन्दीलाई विभिन्न कारागारमा स्थानान्तरण गरिएको र हाल कारागारको सम्पूर्ण स्थिति सामान्य रहेको सहायक प्रमुख जिल्ला अधिकारी बरालले जानकारी दिनुभयो। 'घटना सम्बन्धमा कारागारभित्रका विविध पक्षको अध्ययन, छानबिन गरी आवश्यक सुझावसहितको प्रतिवेदन पेश गर्न समिति गठन गरिएको छ', बरालले भन्नुभयो। कारागार कार्यालयभित्र रहेको ब्लक बीमा आन्तरिक प्रशासनको जिम्मेवारीमा रहेका कैदी र सोही ब्लकमा रहेका अन्य थुनुवा, कैदीबीच कारागारभित्रको सेवा सुविधामा विभेद गरेको भन्ने विषय बनाएर झगडा हुँदा पाँच कैदी घाइते भएका थिए। उनीहरुलाई दमौली अस्पतालमा उपचारपश्चात् कारागारमै फिर्ता गरिसकिएको छ। कारागारका निमित्त जेलर नारायण अधिकारीका अनुसार झगडामा संलग्न २५ कैदीबन्दीलाई स्थानान्तरण गरिसकिएको छ। सुरक्षा निकायको बैठकको निर्णयानुसार उनीहरुलाई आइतबार राति नै स्थानान्तरण गरिसकिएको उहाँले बताउनुभयो। जिल्ला कारागारबाट २५ कैदीबन्दीलाई स्थानान्तरण गरिएको छ। आइतबार अपराह्न कारागारभित्र कैदीबन्दीबीच झडप भएपछि बसेको सुरक्षा निकायको बैठकले २५ जनालाई अन्यत्र स्थानान्तरण गर्ने निर्णय गरेको हो। प्रमुख जिल्ला अधिकारी सागर आचार्य, प्रहरी उपरीक्षक अरुण पौडेलसहित सुरक्षा निकायका प्रमुखको बैठकले झडप र विवादमा संलग्न कैदीबन्दीलाई अन्यत्र स्थानान्तरण गर्ने निर्णयबमोजिम राति नै उनीहरुलाई स्थानान्तरण गरिसकिएको निमित्त जेलर अधिकारीले जानकारी दिनुभयो। 'दुई समूहबीच भएको विवादका कारण सामान्य झैझगडा भएको हो, उक्त घटनामा छ जना घाइते भएकामा उपचारपश्चात् उनीहरु घर फर्किसकेका छन्,' अधिकारीले भन्नुभयो। कारागारमा केही समय अगाडि स्थानान्तरण भई आएका कैदीबन्दीका कारण झगडा भएको कारागार स्रोतले जनाएको छ। नाइके फेर्नुपर्ने मागमा विवाद हुँदा दुई समूहबीच झडप भएको हो।

# कालिका दर्शन वर्ष अभियान शुरु

पोखरापत्र संवाददाता
बागलुङ, १७ फागुन

बागलुङ कालिका मन्दिरले घोषणा गरेको 'कालिका दर्शन वर्ष २०८०' सफल पार्न विभिन्न अभियान शुरु गरेको छ।

उक्त अभियान सफल पार्नका लागि कालिका भगवती गुठी व्यवस्थापन समितिले मन्दिरको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वलाई बाहिर ल्याउन थालेको छ। मन्दिरले आफ्नो ऐतिहासिक महत्वका विषयमा आम जनमानसमा पुऱ्याउनका लागि आइतबार कालिका मन्दिर परिसरमा कालिका मन्दिरको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वका बारेमा अन्तर्क्रिया तथा बहस कार्यक्रम गरेको छ। उक्त कार्यक्रमपछि कालिका दर्शन वर्षको अभियान शुरु भएको कालिका मन्दिरले जनाएको छ। अन्तर्क्रिया कार्यक्रममा नेपाल प्रज्ञा-प्रतिष्ठानका उपकुलपति डा जगमान गुरुङले कालिका मन्दिरको महत्व निकै फरक तथा ऐतिहासिक रहे पनि यसलाई नयाँ पुस्तामा जानकारी दिन नसकिएको भन्दै कालिका दर्शन वर्ष सफल बनाउन शुरु भएको अभियानले सहज बनाउने बताउनुभयो।

# विसं २०७८ मा तीन दशैँ

रासस
काठमाडौं, १७ फागुन

विसं २०७८ मा तीन दशैं परेको छ। यो वर्ष चैत्र शुक्ल पक्षमा पर्ने दुई वटा चैते दशैं परेको छ।

वैशाख ७ गते मङ्गलबार चैत्र शुक्ल अष्टमी अर्थात् चैते दशैं परेको नेपाल पञ्चाङ्ग निर्णायक समितिले स्वीकृत गरेको पात्रो (पञ्चाङ्ग) मा उल्लेख छ। यसैगरी विसं २०७८ को चैत २६ गते शनिबार पनि अर्को चैत्र शुक्ल अष्टमी अर्थात् चैते दशैं परेको छ। बडादशैँका रूपमा मनाइने आश्विन शुक्ल पक्षको दशैं आगामी वर्ष असोज २१ गते बिहीबार घटस्थापना गरेर शुरु हुने भएको छ।

असोज २७ गते बुधबार महाअष्टमी, असोज २८ गते बिहीबार महानवमी र असोज २९ गते शुक्रबार विजयादशमी पर्व परेको छ। कार्तिककृष्ण पक्षमा शुरु भएर शुक्ल पक्षमा सकिने तिहार कात्तिक १६ गते मङ्गलबारदेखि शुरु हुनेछ। दशैं र तिहारलाई नेपालमा विशेषरूपमा मनाइन्छ। लक्ष्मीपूजा कात्तिक १८ गते बिहीबार र भाइटीका कात्तिक २० गते शनिबार परेको छ।

चैत्र शुक्ल र आश्विन शुक्ल पक्षमा पर्ने दशैंलाई वैदिक सनातन धर्मावलम्बी नेपालीले ठूलो चाडका रूपमा मनाउँछन्। शक्तिको आराधना गर्न वर्षमा चार नवरात्र पर्ने भए पनि चैत्र शुक्ल र आश्विन शुक्लको दशैंलाई नेपालीले महत्वका साथ मनाउने गरेको समितिका अध्यक्ष एवं धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतम बताउनुहुन्छ।

**बडा मजाको आयुर्वेदिक**

१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुन: उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ।

सम्पर्क: सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

**हार्दिक समवेदना**



जन्म: वि.स. २०११/०९/०६ गते
स्वर्गारोहण: वि.स. २०७७/११/१२ गते

**स्व: नरमती श्रीस मगर**

नेपाल मगर संघ जिल्ला समन्वय समिति कास्की, नमुना ईकाइ समिति पोखरा-१४ चाउथेका सदस्य श्री भिम श्रीस मगरको ममतामयी माता **नरमती श्रीस मगर** को ६६ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं। उहाँको निधन भएको आज ७ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन भनि हार्दिक समवेदना व्यक्त गर्दछौं।

**ओम श्रीस मगर**
**अध्यक्ष तथा**
**नमुना इकाई समिति**
**पोखरा-१४ चाउथे परिवार**

# नर्सरीबाट वार्षिक रु २० लाख आम्दानी

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १७ फागुन**

म्याग्दीको बेनी नगरपालिका-९ तोरीपानीका एक कृषकले जडीबुटीको व्यावसायिक खेती गरेर वार्षिक रु २० लाखभन्दा बढी आम्दानी गर्दै आउनुभएको छ । सदरमुकाम बेनीबजारदेखि नजिकै पर्ने तोरीपानीका कृषक सागर बानियाँले टिमुर र सतुवाका बिरुवा र फल बिक्री गरेर सो आम्दानी गर्न सफल हुनुभएको हो ।

जिल्लामा नमूना टिमुर कृषकको रुपमा चिनिनुभएका उहाँले दुई टनेलमा ४० हजार टिमुरको बिरुवा बिक्रीका लागि तयारी अवस्थामा राख्नुभएको छ । त्यसैगरी घरमै नर्सरी स्थापना गरेर आयुर्वेदिक औषधिका लागि प्रयोग गरिने बहुमूल्य जडीबुटी सतुवाका बिरुवा पनि उत्पादन गर्नुभएको छ । उहाँले टिमुरका बिरुवा, फल र सतुवाका बिरुवा बेचेर वार्षिक रु २० लाखभन्दा बढी आम्दानी हुने जानकारी दिनुभयो । सतुवाका बिरुवा उत्पादन गर्न थालेपछि नर्सरीमै बिरुवा लिन आउनेको घुइँचो लाग्न थालेको उहाँले बताउनुभयो । कम समय, श्रम र पैसामा धेरै उत्पादन र आम्दानी गर्न सकिने भएकाले सतुवा खेतीलाई प्राथमिकतामा राखेर तीन रोपनी जमिनमा बिरुवासमेत लगाउनुभएको छ । उहाँले पहिलो वर्ष ग्रीन हाउस निर्माण, जग्गाको माटो परीक्षण गरी बाहिरी जिल्लाबाट सतुवा ल्याएर लगाउनुभएको थियो । "इन्टरनेटको प्रयोग गरी धेरै ज्ञान सिके, सीप भए सतुवाबाट राम्रो कमाइ हुने रहेछ", कृषक बानियाँले भन्नुभयो । उहाँले समूहमा आउनेलाई रु ३५ र व्यक्तिगतरुपमा आउनेलाई प्रतिबिरुवा रु ५० का दरले सतुवाका बिरुवा बिक्री गरेको जानकारी दिनुभयो । अनुकूल हावापानी हुने र बाँझो जमिनमा सतुवा खेती गर्ने गरिएको छ । गत वर्ष करिब रु १५ लाख बराबरको सतुवा र टिमुरका बिरुवा बिक्री गरेका उहाँले यस वर्ष त्योभन्दा बढी आम्दानी हुने आशा गरेको बताउनुभयो । "राम्रो आम्दानी हुने टिमुरसँगै सतुवा खेतीतर्फ लागेको छु, यस वर्ष रसुवाबाट अर्डर आएको छ", उहाँले भन्नुभयो । निजी र सामुदायिक संस्थामार्फत सतुवा खेतीका लागि बिरुवा माग्ने गरेको उहाँको भनाइ छ । समुद्री सतहदेखि एक हजार ५०० मिटरमाथि उचाइसम्म सतुवा खेतीका लागि उपयुक्त हुने भएकाले तोरीपानी आसपासका क्षेत्र सतुवाका लागि उपयुक्त हावापानी, माटो भएकाले सोचेजस्तो आम्दानी भएको कृषक उहाँको भनाइ छ ।

उहाँले हरेक वर्ष रु छ लाखभन्दा बढीको टिमुरको बिरुवा र टिमुर बिक्री गर्ने गरेको जानकारी दिनुभयो । एक वर्षमै ४० पाथी टिमुर घरबाटै बेच्ने गरेका उहाँको खेतबारीमा रहेको बोटमा नफल्दै स्वदेश तथा विदेशबाट बुकिङ हुने गरेको जानकारी बताउनुभयो । मुखमा राख्दा रमरम गर्ने स्वाद हुने टिमुर अचार, दाल र चटनीमा मसलाको साथै शरीरलाई न्यानो बनाउन, हाडजोर्नी, पेट दुख्दा र लेक लाग्दा आयुर्वेदिक औषधिको रूपमा प्रयोग गरिने भएकाले पनि टिमुरको बजार एशियाली र युरोपेली मुलुकमा समेत अत्याधिक माग रहेको छ । टिमुरपछि उहाँ पछिल्लो समय सतुवा खेतीतर्फ आकर्षित हुनुभएको छ । उहाँले तीन वर्ष अगाडि इलामबाट रु एक लाख ११ हजारको एक केजी सतुवाको बीउ लिएर शुरु गरेको परीक्षण उत्पादन सफल भएपछि व्यावसायिक सतुवा खेतीमा लाग्नुभएको हो । टनेलमा सतुवाको नर्सरी बनाएका बानियाँ जिल्लामा सतुवाको व्यावसायिक बिरुवा उत्पादन गर्ने पहिलो कृषक हुनुहुन्छ । उहाँका अनुसार बजारमा सतुवाको माग र मूल्य टिमुरको जस्तै उच्च छ ।

सतुवाको सेवनले पेट, घाँटी दुखेको, खाना अपच भएको समस्याका साथै सर्पले टोकेको निको हुन्छ । वनजङ्गलमा पाइने सतुवाको आधुनिक खेतीलाई समुदायमा एकल वा सामूहिकरुपमा करिब १० रोपनी जमिनमा अब छिट्टै खेती गर्ने योजना रहेको कृषक बानियाँले जानकारी दिनुभयो ।

# म्याग्दी घारका शेरबहादुर खड्काको उपचारार्थ संकलित रकम सार्वजनिक

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ फागुन**



प्यानक्रियाजमा समस्या भई उपचाररत म्याग्दीका शेरबहादुर खड्काको उपचारार्थ संकलित रकम आज सार्वजनिक गरिएको छ ।

घार गाँउवासी, पोखरा, काठमाडौं, चितवन र विभिन्न देशबाट संकलित रकम विरामीका आफन्तले घार म्याग्दी-पोखरा समाजको समन्वयमा पोखरामा आइतबार आयोजित एक कार्यक्रमकाबिच सार्वजनिक गरेका हुन् । समाजले देश तथा विदेशका विभिन्न सहयोगदाताहरुबाट पाँच लाख ५८ हजार ८७९ रुपैयाँ खड्काको उपचारार्थ संकलन गरेको युवा समाजसेवी राजाराम बरुवालले जानकारी दिए ।

प्यानक्रियाजको समस्याकाकारण पोखराको फुलबारीस्थित मणिपाल शिक्षण अस्पतालमा उपचाररत खड्काको उपचारमा हालसम्म पाँच लाख लाख १३ हजार ५४० खर्च भएको उपाध्यक्षबरुवालले जानकारी दिए । त्यसमा अस्पतालका तर्फबाट एक लाख रुपैयाँ छुट भएको उनले जानकारी दिए । बाँकी रकम खड्काका परिवारलाई आइतबार नै हस्तान्त्रण गरिएको समाजले जनाएको छ ।

समाजले थालेको शेरबहादुर खड्काउपचारार्थ सहयोग कोषमा घार म्याग्दी-पोखरा समाजबाट ५६ हजार ६० रुपैयाँ, घार समाज जापानबाट एक लाख २५ हजार पाँच सय, घार-खिवाङ म्याग्देली सेवा समाज, दोहाकतारबाट ४१ हजार ११०, कुवेतबाट २७हजार १९३, पोर्चुगलबाट २७हजार ४७३, अष्ट्रेलियाबाट ५६ हजार ६३० र बाँकीअन्य सहयोगीहरुबाट संकलनगर्न सफल भएको समाजका सचिव विष्णु बरुवालले जानकारी दिए । समाजले घारमा रहेका स्थानियहरुको भरोसाको केन्द्रका रुपमा घार म्याग्दी-पोखरा समाज स्थापित हुन लागेको समाजका उपाध्यक्ष गोकर्ण बरुवालले बताए । उनले समाज मर्दा र पर्दा चाहिने भन्दै पैसाको अभावमा कोही पनि अकालमा मर्न नपरोस् भन्दै समाजले थालेका राम्रो काममा साथ दिन सबैसँग अनुरोध गरे ।

उनले सो अवसरमा यो अभियानमा देश तथा विदेशबाट सहयोग पुऱ्याउने सबैलाई धन्यवाद व्यक्त गर्दै मातृभूमीप्रतिको उत्तरदायित्वलाई जहाँ गएपनि नभूल्नआग्रह गरेका थिए ।

साथै सो कार्यक्रममा सबैको सहयोगका कारण आफ्नो स्वास्थ्यमा क्रमिक सुधार भइरहेको पिडितविरामी शेरबहादुर खड्काले बताए । उनले आफूलाई सहयोग गरेर नयाँजीवन दिनका लागि भइरहेको पहलप्रति धन्यवाद व्यक्त गरेका थिए ।

कार्यक्रम घार म्याग्दी पोखरा समाजका उपाध्यक्ष गोकर्ण बरुवालको अध्यक्षतामा र घार गाँउका युवा समाजसेवी राजाराम बरुवालको सञ्चालनमा सम्पन्न भएको थियो ।

# सिनो हाइड्रो र मजदुरबीच सहमतिपछि काम शुरु

**पोखरापत्र संवाददाता**
**दमौली, १७ फागुन**

ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन १४० मेगावाट क्षमताको प्याकेज-२ अन्तर्गतको निर्माण कम्पनी सिनो हाइड्रो कर्पोरेशन र मजदुरबीच भएको विवाद समाधान भएको छ ।

सिनो हाइड्रो र नेपाली मजदुरबीच शुक्रबारदेखि विवाद हुँदा मजदुर आन्दोलनमा उत्रिएपछि दुई दिनदेखि काम अवरुद्ध भएको थियो । शुक्रबार राति विद्युत्गृहमा चालक पुष्कर थापाले स्काभेटर सफा गर्ने क्रममा पानी उछिट्टिँदा चिनियाँ व्यक्ति भिजेपछि त्यसको प्रतिशोधमा चिनियाँ व्यक्तिले ढुङ्गा प्रहार गरेका थिए । ढुङ्गा प्रहारबाट स्काभेटरको सिसा फुटेपछि सिनो हाइड्रो र मजदुरबीच विवाद हुँदा मजदुर आन्दोलनमा उत्रिएका थिए । आइतबार सिनो र मजदुरबीच भएको छलफलपछि विवाद समाधान भएको तनहुँ जलविद्युत् आयोजनाका प्रमुख अच्युत घिमिरेले जानकारी दिनुभयो । उहाँका अनुसार स्काभेटरमा ढुङ्गा प्रहार गर्ने व्यक्तिलाई कारवाही गर्ने, मजदुरको मागबमोजिम जिल्ला दररेट समितिले निर्धारण गरेको पारिश्रमिक उपलब्ध गराउने निर्णय भएको छ । "मजदुरहरुले राखेका अन्य माग पनि क्रमिकरूपमा पूरा गर्दै जाने सिनो र मजदुरबीच सहमति भएको छ," घिमिरेले भन्नुभयो, "उक्त सहमतिसँगै सोमबारदेखि मजदुर काममा फर्कन सहमत भएका छन् ।" आयोजनाको प्याकेज-१ का लागि निर्माण कम्पनीसँग पनि सम्झौताको तयारी गरिएको छ । पहिलो प्याकेजअन्तर्गतका कामका लागि तीन वटा कम्पनीको बोलपत्र परेकामा एशियाली विकास बैंकले सोध्दा भियतनाम/कालिका जेभीलाई छनोटको स्वीकृति दिएपछि उक्त कम्पनीसँग सम्झौताको तयारी गरिएको आयोजनाले जनाएको छ । पहिलो प्याकेजअन्तर्गतका कामका लागि लार्सन एण्ड टर्बो इण्डिया, चाइना गेजुवा कम्पनी र सोइदा भियतनाम/कालिका जेभीले बोलपत्र पेश गरेका थिए । पहिलो प्याकेजअन्तर्गत १४० मिटर अग्लो कङ्क्रिट बाँध, नदी फर्काउने दुईवटा सुरुङ, अस्थायी बाँधलगायतका संरचना निर्माण गरिनेछ । कम्पनीले यसअघि पहिलो प्याकेजका लागि सिएमसीसँग ठेक्का रद्द गरेर पुनः बोलपत्र आह्वान गरेको थियो ।

प्याकेज-२ अन्तर्गत सिनो हाइड्रो कर्पोरेशन लिमिटेडले काम गरिरहेको छ । प्याकेज-२ अन्तर्गत सिनोले सुरुङ, विद्युत्गृह निर्माण र हाइड्रो तथा इलेक्ट्रो मेकानिकल उपकरण आपूर्ति जडानको ठेक्का पाएको छ । त्यस्तै प्याकेज-३ अन्तर्गत प्रसारण लाइन निर्माणका लागि रु तीन करोड खर्च भएको छ । प्रसारण लाइन निर्माणका लागि भारतको केइसी इन्टरनेशनल लिमिटेडले ठेक्का पाएको छ ।

आयोजनाले प्रसारण लाइन निर्माणका लागि साढे २३ रोपनी जग्गा अधिग्रहण गर्नुपर्ने भएकाले त्यसको प्रक्रियालाई समेत अगाडि बढाइसकेको छ । टावर राख्नका लागि ५३ व्यक्तिको जग्गा अधिग्रहण गर्नुपर्नेछ । आयोजनाको प्रसारण लाइन निर्माणका क्रममा टावर राख्नका लागि साढे २३ रोपनी जग्गा अधिग्रहण गरिनेछ भने तार तान्नका लागि २१ हेक्टर क्षेत्रफललाई क्षतिपूर्ति दिइनेछ ।

दमौलीदेखि भरतपुरसम्म २२० केभीको डबल सर्किट प्रसारण लाइन निर्माणको ठेक्का भारतीय कम्पनी केइसीले पाएको छ । चालू आर्थिक वर्षमा प्रसारण लाइनका लागि ३० वटा टावर निर्माण गरिनेछ । आयोजनाका लागि १४० मिटर बाँध, एक हजार १६२ मिटर र ७४ मिटरको मुख्य सुरुङ, ८९ मिटर लम्बाइ, २२ मिटर चौडाइ र ४४ मिटर उचाइ भएको भूमिगत विद्युत्गृह निर्माण गरिनेछ । खुद उचाइ १२१ मिटर रहने आयोजनाबाट सुख्खायामा १७८.९० मेगावाट र वर्षायाममा ३२३.६८ मेगावाट ऊर्जा उत्पादन हुनेछ । आयोजनाको कूल लागत ५० करोड ५० लाख अमेरिकी डलर (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) रहेको छ । जाइकाले दोस्रो प्याकेज अन्तर्गतका कामका लागि रु १८४ मिलियन डलर बेहोर्ने छ ।

# मालुङ्गाका ३९४ घरमा 'एक घर एक धारा'

**पोखरापत्र संवाददाता**
**वालिङ, १७ फागुन**

स्याङ्जाको गल्याङ नगरपालिका-१ स्थित मालुङ्गाका ३९४ घरमा 'एक घर एक धारा' जडान गरिएको छ । लामो समयदेखि खानेपानीको चरम अभाव खेपिरहेका यहाँका स्थानीयवासीले खानेपानीको धारा घरघरमा जडान भएसँगै राहत महशुस गरेका हुन् ।

'मालुङ्गा चिदेपानी खानेपानी योजना'अन्तर्गत गाउँमा खानेपानी वितरण गरिएको गल्याङ नगरपालिका-१ का वडाध्यक्ष गणेश बस्यालले बताउनुभयो । "साविकको मालुङ्गा गाविसका वडा नं १, २, ३ र ४ मा खानेपानीको निकै समस्या थियो, वडाध्यक्ष बस्यालले भन्नुभयो, "गाउँको पहिलो प्राथमिकतामा परेको खानेपानीको समस्या समाधानका लागि निरन्तरको प्रयासपछि खानेपानीको समस्या हल गर्न सकेका छौं ।" तीन वर्षदेखि निर्माण कार्य थालिएको योजना हालै मात्र रु ७५ लाखको लागतमा निर्माण सम्पन्न भएको वडाध्यक्ष बस्यालले बताउनुभयो । राम्दी नजिकै रहेको चिदीपानी मुलबाट झण्डै तीन किलोमिटर दूरीमा पाइपमार्फत कालीगण्डकी नदीको किनार उत्तरबाहिनी (खाडाघाट) मा पानी ल्याई ट्याङ्कीमा सङ्कलन गरिएको उपभोक्ता समितिका अध्यक्ष नवराज बस्यालले बताउनुभयो । बाक्लो बस्ती रहेको यहाँका स्थानीयवासीले लामो समयदेखि खानेपानीको चरम अभाव झेल्दै आएका थिए । "खाडाघाटमा एक लाख लिटरको ट्याङ्की निर्माण गरेका छौं, त्यहाँबाट दुई चरणमा ५२० मिटर माथि रहेको बजादीमा एक लाख लिटरको ट्याङ्कीमा पानी जम्मा गरी वितरण गरिएको छ" उपभोक्ता समितिका अध्यक्ष बस्यालले भन्नुभयो, "गाउँभन्दा तल रहेको कालीगण्डकी नदीमा बगेको पानी हेरेर तिर्खा मेटाउनु पर्ने समस्या अब घरमै पानी आएपछि हल भएको छ ।" खानेपानीको जोहोका लागि दैनिक गाउँभन्दा पर रहेका मुलमा ट्याङ्कर, ट्याक्टर तथा मोटरसाइकलमा पानी बोकेर दैनिकी चलाउँदै आएको उपभोक्ता समितिका अध्यक्ष बस्यालले बताउनुभयो । "खानेपानीको स्रोत नजिकै नभएकाले ट्याङ्कर तथा ट्याक्टरमा ड्रम राखेर पानी ल्याउनुपर्ने बाध्यता थियो" उपभोक्ता समितिका अध्यक्ष बस्यालले भन्नुभयो, "खानेपानीका लागि लामो समयदेखि झेल्दै आएको समस्या हल भएसँगै हामी निक्कै उत्साहित र हर्षित छौं ।" स्थानीयवासी डोलमाया बस्यालले भन्नुभयो, "अब पानीका लागि दिनै बिताउनु पर्ने छैन ।" पानीको अभावका कारण खानेपानी, बस्तुभाउलाई खुवाउने पानी, नुहाइधुवाइ तथा करेसाबारीमा पानी हाल्नका लागि अड्कल्नु पर्थ्यो, अब सहज हुने विश्वास बस्यालको छ ।

# कालीगण्डकी करिडोर खण्डमा कालोपत्रको काम शुरु

**पोखरापत्र संवाददाता**
**पर्वत, १७ फागुन**

दुई छिमेकी मुलुक भारत र चीन जोड्ने सबैभन्दा छोटो राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोरअन्तर्गत पर्वत खण्डमा कालोपत्र तथा स्तरोन्नतिको काम शुरु भएको छ । पर्वत खण्डअन्तर्गत रानीपानी-कुर्घा फलेवास खण्डको २३ किलोमिटर सडक कालोपत्र गर्ने कार्य आइतबारदेखि प्रारम्भ गरिएको हो ।

धार्मिक एवं पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण मानिएको कालीगण्डकी करिडोरअन्तर्गतको यो खण्ड आगामी दुई वर्षभित्रमा कालोपत्र हुनेभएको छ । आयोजनाको नियमित कामका लागि सहजीकरण भएमा र आवश्यक निर्माण सामग्रीको अभाव नभएमा ढिलासुस्ती नहुने कालीगण्डकी करिडोर आयोजनाका प्रमुख सुबोध देवकोटाले जानकारी दिनुभयो । पर्वतको विहादी गाउँपालिका-३ रानीपानीदेखि फलेवास नगरपालिकाको ढिकसम्मको खण्डका लागि आवश्यक बहुवर्षीय ठेक्काअन्तर्गत रु एक अर्ब २३ करोड बजेट विनियोजन भएको हो । बजेट विनियोजनसँगै बहुवर्षीय ठेक्काका लागिसमेत अर्थमन्त्रालयले स्वीकृत दिएपछि सडक कालोपत्रको काम शुरु हुन लागेको हो । सबै प्रक्रिया पुगेकाले अबको दुई सातापछि सडक कालोपत्रको काम तीव्र गतिमा हुने आयोजना प्रमुख देवकोटाले जानकारी दिनुभयो । कालीगण्डकी करिडोरको पर्वत खण्डको महत्वपूर्ण मानिएको रानीपानी-कुर्घा खण्डको ठेक्का निश्चित भएपछि विहादी र फलेवासका स्थानीयवासीसमेत हर्षित बनेका छन् ।

यसैबीच पर्वतको फलेवास-६ देवीस्थानको ढिकमा आइतबार आयोजित एक कार्यक्रमकाबीच आयोजनाको शिलान्यास गरिएको हो । कालोपत्र कार्यको राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले शिलान्यास गर्नुभएको छ । सो अवसरमा उहाँले आफूले निर्वाचनअघि गरेका वाचा पूरा हुँदै गएको बताउनुभयो । उहाँले अब पर्वत जिल्ला सडक सञ्जालले समृद्ध बनेको उल्लेख गर्दै कुनै पनि पालिका र वडामा जाँदा कच्ची बाटोमा हिँड्नुपर्ने अवस्थाको अन्त्य गरिने बताउनुभयो । पर्वत जिल्लाको मात्र नभएर राष्ट्रिय महत्वको आयोजना भएकाले समयमै काम सम्पन्न गर्न उहाँले आयोजनालाई निर्देशनसमेत दिनुभएको छ ।

अर्को प्रसङ्गमा अध्यक्ष तिमिल्सिनाले मुलुक समृद्धिको दिशामा अघि बढिरहेका बेला बहुमतको सरकारलाई काम गर्न नदिइएकोप्रति असन्तुष्टि व्यक्त गर्नुभयो । उहाँले दलहरुले मिलेर अघि बढ्नुपर्ने उल्लेख गर्दै व्यक्तिगत स्वार्थ र लाभका लागि कल, झगडा गर्न नहुने बताउनुभयो । उहाँले जनताको विश्वासमाथि घात गर्नेहरुलाई खबरदारी गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा सांसद पदम गिरीले पर्वत जिल्लाको विकास निर्माणले दिन दोगुना रात चौगुना फड्को मार्दै गएको बताउनुभयो । उहाँले यो सरकारको मुख्य लक्ष्य नै मुलुकको समृद्धि र विकास मात्र भएकाले सरकारले गरेका जनमुखी कामदेखि अत्तालिएर पार्टीभित्रकै शीर्ष नेताहरुले गिराउने चलखेल गरेको बताउनुभयो । उहाँले यही सरकारबाट मात्र मुलुकको समृद्धि सम्भव भएकाले सबैको साथ र सहयोग हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा गण्डकी प्रदेशका उद्योग पर्यटन वन तथा वातावरणमन्त्री विकास लम्सालले कालीगण्डकी करिडोर आयोजनाको सडकले पूर्णता नपाउने बेलासम्म आफूले विश्राम नलिने बताउनुभयो ।

उहाँले अबको दुई वर्षभित्रमा पर्वत खण्ड पूर्णरूपमा सम्पन्न हुनेगरी काम गर्न आयोजनालाई आग्रह गर्नुभयो । भारतीय र चिनियाँ पर्यटकलाई नेपाल भित्र्याउन तथा धार्मिक रुटका रूपमा यो सडकलाई विकास गरिने मन्त्री लम्सालको भनाइ छ ।

# प्रि-मनसुन शुरु, जाडोयाम समाप्त

**रासस**
**काठमाडौं, १७ फागुन**

यस वर्षको जाडोयाम समाप्त भई प्रि-मनसुन शुरु भएको छ । जल तथा मौसम विज्ञान विभागले आज एक बुलेटिन निकालेर मार्च १ अर्थात् सोमबारदेखि यस वर्षको जाडोयाम अन्त्य भई प्रि-मनसुन 'सिजन' शुरु भएको जनाएको छ । अङ्ग्रेजी महिना मार्चदेखि शुरु हुने प्रि-मनसुन मे महिनासम्म चल्ने गर्छ । यो समयमा अपराह्न तथा साँझतिर मेघगर्जन/चट्याङका साथै हावाहुरी र असिना पानीको सम्भावना रहने हुन्छ । विभागले मेघ गर्जन/चट्याङ, हावाहुरी र असिना पानीबाट हुनसक्ने क्षतिबाट जोगिन आवश्यक सतर्कता अपनाउन सबैमा अनुरोध गरेको छ । मार्च, अप्रिल र मेसम्म तीन महिना प्रि-मनसुन चल्ने भएकाले देशका पहाडी भूभागको मौसम अपराह्न तथा साँझपख लगातार प्रभावित भइरहने हुन्छ । जाडोयाम सकिएलगत्तै स्थानीय वायुको प्रभाव पर्न थालेकाले प्रि-मनसुन समय शुरु भएको मौसमविद् प्रतिभा मानन्धरले बताउनुभयो । "तापक्रम बढ्न थालेकाले यसको प्रभाव देखिन थालेको हो", उहाँले भन्नुभयो । पहाडी भेगमा प्रि-मनसुनको प्रभाव देखिए पनि अन्य स्थानमा भने त्यसको असर पर्ने छैन । यस समयमा पश्चिमी वायुको प्रभाव स्थानीय वायुसँग जोडिँदा बलियो भएर चट्याङ पर्ने गर्दछ ।


**त्रिभुवन विश्वविद्यालय**

**वन विज्ञान अध्ययन संस्थान**

**पोखरा क्याम्पस, पोखरा**

**बिभिन्न प्रजातिका रुखहरु लिलामबिक्री सम्बन्धी गोप्य शीलबन्दी बोलपत्र आव्हानको सूचना ।**

यस क्याम्पस परिसर भित्र रहेका विभिन्न प्रजातिका (चाँप, सिसौं, टुनी, सिमल, खयर, सल्ला आदि) २४८ वटा रुखहरु यथास्थितिमा लिलाम बिक्री गर्नुपर्ने भएको हुँदा रु, १५,९६,२६०।- (पन्ध्र लाख छ्यानब्बे हजार दुई सय साठी मात्र) मा नघटाई लैजान चाहने इच्छुक ईजाजत प्राप्त फर्म वा पार्टीहरुबाट मिति २०७७/१२/०९ गतेभित्र रीतपूर्वकको शीलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

विस्तृत जनकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।

निमित्त क्याम्पस प्रमुख